**पर्वत जिल्लाको विहादी गाउँपालिका अन्तर्गत पर्ने कालीगण्डकी नदी बगरबाट दिगो रूपमा ढुङ्गा, गिट्टी र बालुवा उत्खनन तथा सङ्कलनका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

(विहादी गाउँपालिका संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ को अनुसूची-८ (दफा ६ को उपदफा (३) सँग सम्बन्धित))

प्रकाशन मिति: २०८१/०९/२९

गण्डकी प्रदेश पर्वत जिल्ला विहादी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयद्वारा देहाय बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | विहादी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, विहादी, पर्वत<br>फोन नं.:९८५७६५०८७१ इमेल:bihadi.ruralmun@gmail.com |
| प्रस्तावको व्यहोरा | यस आयोजना अन्तर्गत पर्वत जिल्लाको विहादी गाउँपालिका अन्तर्गत पर्ने कालीगण्डकी नदीका किनारमा रहेका बगर क्षेत्रहरूबाट दिगो रूपमा ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन/उत्खनन कार्यको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गरी प्रचलित कानुन बमोजिम नदीजन्य पदार्थको सङ्कलन/उत्खनन गर्न मार्ग प्रशस्त गरिनेछ । |
| प्रभाव पर्न सक्ने क्षेत्र | पर्वत जिल्लाको विहादी गाउँपालिका वडा नं.१, २, ३, ४ र ६ अन्तर्गत कालीगण्डकी नदी बगर क्षेत्रका हालका उत्खनन स्थलहरू |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र सांस्कृतिक प्रणालीहरू बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न विहादी गाउँपालिका तथा सो क्षेत्रका वडा समिति, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र देहायमा उल्लिखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| नाम: विहादी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय<br>ठेगाना: विहादी, पर्वत<br>फोन नं. ९८५७६५०८७१<br>इमेल:bihadi.ruralmun@gmail.com | प्रज्ञा रिसर्च एण्ड डेभलपमेन्ट कन्सल्टेण्ट प्रा. लि.<br>बूढानीलकण्ठ नगरपालिका-४ काठमाण्डौ<br>फोन नं. -९८५७६२३८५२,९८५१२७८१०१<br>इमेल -ldsb2025@gmail.com |

विहादी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बलाकोटी, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

हरि प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत
हरि प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत